बैठक नं. ६६

आज मिति २०८१ असोज १७ गते, विहीबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

ljifox? M

१. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।

२. दशैंको शुभकामना आदान प्रदान सम्बन्धमा ।

३. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

४. विविध ।

lg0f{ox? :-

१. यस नगरपालिकाको आ.व. २०८१/०८२ को सामाजिक सुरक्षा भत्ता अन्तर्गत प्रथम त्रैमासिक (२०८१ श्रावण, भाद्र र आश्विन) तीन महिनाको सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायताको रकम मिति २०८१ असोज २० गतेदेखि वितरण गर्ने सम्बन्धी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

२. विजय दशमी २०८१ को अवसरमा सरसफाईसंग सम्बन्धित कर्मचारीहरु र सफाईकर्मीहरुबीच फुलपातिको दिन शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो । र उक्त कार्यक्रम व्यवस्थापनको लागि शाखा अधिकृत श्री दिलिप कुमार सुवाललाई रु.१,३०,०००।- (एक लाख तीस हजार) पेश्की लिन लगाउने निर्णय गरियो ।

३. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. युवा तथा खेलकुद समिति**

मिति : २०१३ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ असोज १०-१५ गतेसम्म भएको सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक/शिक्षिकाहरुलाई आधारभूत खेलको प्रशिक्षक प्रशिक्षण तालिम दिनु हुने प्रशिक्षकहरुलाई प्रति कक्षा कर बाहेक रु.२५००।- (अक्षेरुपी रु. दुई हजार पांच सय) मात्र पारिश्रमिक व्यवस्था गर्ने निर्णय गरियो ।

**ख. महिला बालबालिका तथा समाज कल्याण समिति**

मिति : २०८१।६।१५ गतेको महिला बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा भक्तपुर आदर निकेतनमा जेष्ठ नागरिकहरुलाई पानी तताउने जग, विस्कुट र फलफूल वितरण गर्ने निर्णय गरियो ।

**ग. कृषि समिति**

मिति : २०८१।६।१८ गतेको कृषि समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाका सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिज खोप कार्यक्रम सञ्चालन गर्न आह्वान गरिएको शिलबन्दी दरभाउ पत्रमा परेका आवेदनहरु खोलियो । सो आह्वान गरिएको शिलबन्दीमा तपसिल व्यवसायको दरभाउ सहित निवेदन रह्यो :

**तपसिल**

| क्र.सं. | संख्या | बन्ध्याकरण | रेबिज खोप | कैफियत |
|---|---|---|---|---|
| १ | अनोय इन्दटरप्राइजेज | २५००।- | प्रति कुकुर | रेबिज खोपको मात्र दरभाउ नभएको |
| २ | मण्डला भेटेरिनरी अस्पताल | २०००।- | २००।- | |
| ३ | पशु सेवा केन्द्र, सुडाल | २७००।- | | रेविज खोपको मात्र |
| ४ | एमिल हिलिङ्ग, दुवाकोट | १९७७।- | | कम्पनी दर्ता, प्यान |
| ५ | किसान भेटेरिनरी डिष्ट्रिब्यूसन, ललितपुर | १८००।- | १८०।- | |

माथि उल्लेखित संख्याहरुमध्ये सबैभन्दा कम मूल्य कबोल गर्ने किसान भेटिरिनरी डिष्ट्रिब्यूसन, ललितपुरलाई कार्य गर्न दिने निर्णय गरियो ।

**घ. बजार अनुगमन समिति**

मिति : २०८१।६।८ गतेको बजार अनुगमन समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर महोत्सवलाई लक्षित गरी भक्तपुरबारे मोबाइल एप्स बनाउनको लागि ख्वप इन्जिनियरिङ्ग कलेजलाई अनुरोध गर्ने र सोको लागि लाग्ने बजेट रकम भक्तपुर नगरपालिकाले भुक्तानी दिने व्यवस्था गर्ने निर्णय गरियो ।

५. विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भ.न.पा. वडा नं. १ स्थित सल्लाघारी फोहर मैला व्यवस्थापन कार्य स्थलमा सफाई कार्य गर्ने क्रममा यस न.पा.को स.म. श्री सूर्य लवजु मिति २०८१ साल असार ३१ गते चिप्लिएर दायां हातको कुमको गेडी खुस्किएर उपचारको क्रममा सल्यक्रिया गरी उपचार गर्दा रु.२,०५,१४७।- (अक्षेरुपी दुई लाख पांच हजार एक सय सर्चालिस रुपैया) खर्च भएको भनी निवेदन पेश भएको हुंदा निजका उपचार खर्च व्यहोर्ने र भुक्तानी दिने निर्णय गरियो ।

ख. यस न.पा.को बा १ क ३५५९ नं को फोहरमैला संकलन गर्ने गाडी मर्मत गरे वापत रु ४२,१७१।- सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ग. यस न.पा.का बा १ क ३५५९ नं. को गाडी मर्मत गरे वापत रु.१,३७,०४९।- र बा १ क ९१३४ नं को फोहरमैला संकलन गर्ने गाडी मर्मत गरे वापत रु ७७,५३८।- र बा १ क ३५५८ नं. को फोहरमैला संकलन गर्ने गाडी मर्मत गरे वापत रु ५४,४६३।- गरी जम्मा रु २,६९,०५०।- असोक एल टि ईन्जिनियरिङ्ग प्रा. लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

घ. यस न.पा.को बा प्र ०१ ००१ ग ४१८५ नं. को स्काइभेटरमा आवश्यक सामान मर्मत गरे वापत रु ६६,२७९।- भाजुरत्न एजेन्सी प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. मिति २०८१ साल असोज ११ गतेको दिन पयर्टन दिवस २०८१ को अवसरमा गाईजात्रामा परम्परागत सांस्कृतिक तथा आधुनिक विधाका मुल्याङ्कनको पुरस्कार वितरण र साँस्कृतिक गुरुहरुलाई सम्मान कार्यक्रमको लागि हल उपलब्ध गराइदिए बापत रु ४०,०००।- वल्ड दरबार पार्टी प्यालेस एण्ड ईभेन्ट म्यानेजमेन्ट प्रा लिलाई भुक्तानी गर्ने निणर्य गरियो ।

च. यस भक्तपुर नगरपालिकाको आयोजनामा गुन्हीपुन्ही सापारु २०८१ को अवसरमा भएको परम्परागत साँस्कृतिक तथा आधुनिक विधाका मूल्याङ्कनकर्ताहरुलाई मायाको चिनो सोरुप कलस उपलब्ध गराए बापत रु ९६,८५०।- राजकुमार बनमालालाई भुक्तानी गर्ने निणर्य गरियो ।

छ. यस भक्तपुर नगरपालिकाको आयोजनामा जेष्ठ नागरिक दिवसको अवसरमा जेष्ठ नागरिकहरुलाई उपहार स्वरुप ईलेक्ट्रिक जग उपलब्ध गराए बापत रु ७४,८००।- राजकुमार बनमालालाई भुक्तानी गर्ने निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ भाद्र ६ गतेदेखि १० गतेसम्म भएको परम्परागत सांस्कृतिक तथा आधुनिक विधाको मूल्यङ्कनका लागि आवश्यक व्यवस्था गर्न वडा प्रशासन सहायक गणेश राम सुवाललाई रु २,००,०००।- पेश्की दिएकोमा जम्मा खर्च २,९९,५५९।- समर्थनका साथै नपुग रकम रु.९९,५५९।- (अक्षेरुपी उन्नान सय हजार पांच सय उनान्साठ्ठी रुपैयां) भुक्तानी गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

झ. यस भक्तपुर नगरपालिकाद्वारा आयोजित ४५ औं विश्व पर्यटन दिवसको अवसरमा गुन्हीपुन्ही सापारु २०८१ मा प्रदर्शन भएका घिन्ताङघिसी र परम्परागत सांस्कृतिक तथा आधुनिक विधाहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण साथै साँस्कृतिक गुरुहरुलाई सम्मान तथा पर्यटन सम्बद्ध संघ संस्था, व्यवसायी र सहयोगीहरुलाई सम्मान कार्यक्रम छायांकन र सम्पादन गरी रेकर्ड राखि दिएबापत रु ११,३००।- ख्वप मल्टिपर्पोज प्रा लि.लाई भुक्तानी गर्ने निर्णय गरियो ।

ञ. मिति २०८१ साल असोज ११ गतेको दिन पयर्टन दिवस २०८१ को अवसरमा गाईजात्रामा परम्परागत सांस्कृतिक तथा आधुनिक विधाका मूल्याङ्कनको पुरस्कार वितरण र साँस्कृतिक गुरुहरुलाई सम्मान कार्यक्रमको लागि जलपान व्यवस्था गरिदिए वापत रु १,५५,२६२।- सूर्यविनायक पार्टी भेन्युलाई भुक्तानी गर्ने निर्णय गरियो ।